# बागमती गाउँपालिकाको
# आ.व. ०७७/०७८ को
# वार्षिक नीति तथा कार्यक्रम

# बागमती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

## श्री

# वागमती गाउँपालिकाको सातौं गाउँसभामा अध्यक्ष श्री विर बहादुर लोप्चनद्वारा प्रस्तुत नीति तथा कार्यक्रम

यस गाउँपालिकाका उपाध्यक्षज्यू,
गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
यस गाउँपालिकाका सबै वडाहरुको वडाअध्यक्षज्यूहरु,
गाउँ कार्यपालिकाका सदस्यज्यूहरु,
गाउँसभाका सदस्यज्यूहरु,
सम्पूर्ण कर्मचारी साथीहरु,
संचारकर्मी एवम् सुरक्षा कर्मी महानुभावहरु ।

वागमती गाउँपालिकाको यस सातौं गरिमामय गाउँसभामा आ.व. ०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैंले धेरै गौरवान्वित महसुश गरेको छु । यस अवसरमा राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता, समृद्धि र राजनीतिक परिवर्तनका लागि आफ्नो प्राणलाई बलिदान दिनु हुने महान शहिदहरु प्रति हार्द्धिक श्रद्धाञ्जली व्यक्त गर्दछु । विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड -१९ (कोरोना भाइरस) को कारण ज्यान गुमाउनु हुने सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु साथै यसको संक्रमणका कारण क्वारेन्टाइन एवम् आइसोलेसनमा रहनु हुने सम्पूर्णमा सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस रोगबाट हुन सक्ने सम्भावित संक्रमण र सृजित मानसिक सन्त्रासबाट हामी छिटै मुक्त हुन पाउँ भन्ने प्रर्थना गर्दछु ।

राष्ट्र र राष्ट्रियताको सबालमा एक मतले ऐतिहासिक तथ्य र प्रमाणलाई आधारसिला बनाइ लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रको नेपाली भू-भागलाई समावेश गरी नयाँ नेपालको नक्शा जारी हुनु नेपाली जनको प्रतिष्ठाको विजयी भएको छ । यस कार्यका लागि भूमिका निर्वाह गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

नेपाल सरकारले मिति २०७३ फाल्गुन २७ गते विविध भौगोलिक तथा सामाजिक विशेषता समेट्दै दक्षिण ललितपुरका साविक घुसेल, माल्टा, भट्टेडाँडा, प्युटार, इकुडोल, आश्राङ र गिम्दी गाविसहरु समेटेर घोषणा गरेको यस बागमती गाउँपालिकाले १११.४९ वर्ग किलोमिटर क्षेत्र ओगटेको जसमा २०६८ सालको जनगणना अनुसार १३,०४९ जनसंख्या रहेका छन् ।

लामो समयको अन्तराल सम्म जनप्रतिनिधि विहिन स्थानीय तहमा, २०७४ बैशाख ३१ गतेको स्थानीय निर्वाचनबाट पद बहाली हुँदा स्थायीत्वको चुनौती साथै अभ्यासरत संघीय लोकतान्त्रिक, गणतान्त्रिक शासन प्रणालीको अन्योलता थियो नै । त्यसका बाबजुद पनि ती चुनौती र अन्योलतालाई छिचोल्दै विकासको सुनौलो अवसरलाई आत्मसाथ गरि गाउँपालिकाको स्थायीत्वको जग बसाल्ने क्रममा आज हामीले तीन वशन्त पार गरिसकेका छौं ।

गाउँको सिंहदरबारको रुपमा परिचित स्थानीय सरकार स्थापना समय देखि नै जनउत्तरदायी रहँदै आएको छ । तीन वर्षको अवधिमा वडा अध्यक्षज्युहरुको नेतृत्वमा आ-आफ्नो वडामा भएका छलफल अन्तरक्रिया, वडा भेला गराइ गाउँबासीहरुको संलग्नता र सहभागिता गराइ साथै अनुगमन समितिले अनुगमनका क्रममा देखे बुझेका सुझावहरुलाई नै केन्द्रविन्दुमा राखि यस अघिका गाउँसभाबाट पारित गरेका नीति तथा कार्यक्रम र तर्जुमा गरेका बजेट एवम् ऐन, कार्यविधि, विधेयकहरुको कार्यान्वय भई बागमती गाउँपालिका बासीहरुको आवश्यकता सम्बोधन भएकोले नै होला उहाँहरुको मुहारमा परिवर्तनका सकारात्मक परिणामहरु झल्किएको महसुस गर्न पाएको छु ।

घरदैलोको सरकार भएकै कारण बागमती बासीले दुःख, पिर मर्कामा गुनासो पोख्न एवम् सरकारको बदमासीमा निर्धक्क साथ खबरदारी गर्न  पाएका छन् । एका तर्फ यसले गाउँपालिका प्रति उहाँहरुको आस्था, विश्वासको जिजिविष कायमै गरेको पाइन्छ साथै गाउँपालिकाको स्थायीत्वमा थप मजबुदि कायम गर्न टेवा पुर्‍याएको पाइन्छ । अर्का तर्फ गाउँपालिका भित्र हुनु पर्ने सुशासन सदैव कायम राख्न असल पहरेदारका रुपमा तत्पर रहनु भएको देखिन्छ ।

संघीय राजधानीबाट करिब ३५ कि.मी. मात्र टाढा रहेर पनि बत्ति मुनिको अध्यारो सरी हरेक क्षेत्रमा पिछडिनु परेको बाध्यता सँग बागमती गाउँपालिका बासीहरुले बुनेका समृद्ध बागती गाउँपालिकाको सपनालाई समन्यायीक रुपले साकार बनाउन विगत तीन वर्ष देखि सबैसँग सहकार्य गरी सिमित वित्तिय, मानविय लगायतका श्रोत साधनको उच्चतम उपभोग गरी हर प्रहर सपनाउन्मुख हुँदै आएका छौँ । अबका दिनहरुमा पनि नेपालको संविधान बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै लोकतान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एव संघीयताको मर्म अनुरुप गाउँपालिकाको भौगोलिक, सांस्कृतिक, भाषिक, जातीय विविधता लगाएत प्राकृतिक रुपमा उपलब्ध भट्टेडाँडा राडार क्षेत्र, माल्टा फाँट, सिद्धेश्वर महादेव, महाकालस्थान मन्दिर, इकुडोल माझखण्ड बौद्ध विहार, रुद्रेश्वर महादेव, आश्राङको घ्याम्पे दह, गिम्दीमा अवस्थित चमेरे गुफा जस्ता अति आनन्ददायी पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार एवम् अन्य प्रकृतिक श्रोत साधनको व्यवस्थित र प्रभावकारी ढङ्गले दीर्घकालिन उपभोग गराइ बागमती गाउँपालिका बासीले महशुस गर्ने गरी छिट्टै सामाजिक, आर्थिक, भौतिक रुपान्तरणका लागि प्रयासरत रहनेछौँ । यसका लागि स्थानीय तह मार्फत नागरिकलाई दिईने सेवा सुविधा थप सरल, सहज, सबैको पहुँचयोग्य र प्रभावकारी बनाइ जनसहभागितामा बृद्धि गराइने छ । विभिन्न योजना, नीति तथा कार्यक्रमहरुको छनौट देखि कार्यान्वयन, अनुगमन मूल्यांकनका हरेक चरणहरुमा बढी भन्दा बढी वर्ग र क्षेत्रको प्रतिनिधित्व हुने गरी यथाशक्य सर्वदलीय/सर्वपक्षीय सहमतिका माध्यमबाट सहभागितात्मक पद्धतिको सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्दै जानेछ । वस्ती/वडा तहबाट छनौट भएका योजनालाई नै प्राथमिकता दिदै योजना छनौट, सञ्चालन, अनुगमन तथा उपलब्धीको वाँडफाँड र उपभोग गर्ने जस्ता जिम्मेवारी जनताका हुन भन्ने विषयलाई यथार्थमा देखाउनु पर्नेछ ।

बागमती गाउँपालिकाको सर्वोपरी विकासको आवश्यकता हुँदा हुँदै पनि कोभिड-१९ को महामारी, वर्षा याममा जताततै जाने बाढी, पहिरो, अप्ठ्यारो भौगोलिक अवस्थितीले सृजना भएका चुनैती र लकडाउनका कारण गाउँ गाउँमा भित्रिएका मानविय स्रोत साधन, सिप एवम् दक्षताको अवसरलाई सन्तुलित वातावरणमा व्यवस्थापन गराइ उत्पादकत्वमा जोड दिनु अपरिहार्य बनेको छ । स्रोत साधनमा समान पहुँचका लागि प्रयासरत रहँदा रहँदै पनि महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपांगता

भएका व्यक्ति तथा पिछडिएको क्षेत्रको आर्थिक सामाजिक स्थितिमा अपेक्षाकृत सुधार आउन नसकेको पाइएकाले स्थानीय सरकारको सबै कार्य र प्रकृयामा त्यस्ता वर्गको समन्याकि सहभागिता बृद्धि गर्दै सामाजिक न्यायका माध्यामबाट समतामूलक समाज स्थापना गर्न थप योजनाहरु निर्माण गर्नु पर्ने देखिन्छ । गाउँपालिका स्तरीय पूर्वाधार, ऐन कानून र योजनाहरुको निर्माण तथा बिस्तार गरी, गाउँपालिकालाई अझै बढी व्यवस्थित, सुरक्षित, वातावरण मैत्री, करदाता मैत्री, बालमैत्री, अपांग मैत्री, लैंगिक मैत्री बनाइ संस्थागत क्षमता र आयस्रोतको अभिवृद्धि गरी आत्मनिर्भर, सक्षम र सवल स्थानीय तहको बिकास गर्नु, शुन्य भ्रष्टाचार, सुशासन अवलम्बन, समावेशीकरण तथा समतामुलक गाउँपालिका स्थापना गर्नु लगायत अन्य समस्याहरुलाई समाधान गर्नुपर्ने देखिन्छ ।

**आदरणीय गाउँसभामा उपस्थित महानुभावहरु,**

अब म आ.व. ०७७/०७८ मा गाउँपालिकाले अबलम्बन गर्ने वार्षिक नीति तथा कार्यक्रम यस गाउँसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**नीति, कार्यक्रम तथा वार्षिक बजेटका उद्देश्यहरु :**

१) समन्यायिक तबरले बागमती गाउँबासीहरुको सामाजिक, आर्थिक रुपान्तरणका लागि दिगो भौतिक पूर्वाधार निर्माणका लागि संरचनागत तथा प्रकृयागत व्यवस्था गर्ने ।

२) वातावरण, सरसफाई र विपद् जोखिमको व्यवस्थापन गरी स्वस्थ र सुरक्षित गाउँपालिकाको विकास गर्ने ।

३) लैंगिक समानता, सामावेशीकरण, सहभागिता तथा शसक्तिकरणका माध्यमबाट सामाजिक न्याय कायम गर्ने ।

४) गाउँपालिकाको आन्तरिक आयमा बृद्धि गर्न करको दायरा फराकिलो र बिस्तार गर्ने । यसको लागि करदाता शिक्षा र करदाता मैत्री वातावरणमा जोड दिने ।

५) स्थानीय भाषा, संस्कृति र सम्पदाहरुको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन तथा विकास गर्ने ।

६) विकासका प्रयासलाई वातावरणमैत्री बनाई दिगो विकासको लक्ष्य प्राप्तिमा सहयोग गर्ने ।

७) साहित्य र खेलकुदको विकास मार्फत नागरिकलाई जिम्मेवार र अनुशासीत बनाउने ।

८) सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई आत्मसात गरी विकासका कार्यहरु अगाडि बढाउने ।

९) स्थानीय स्तरमा तुलनात्मक लाभका वस्तु र सेवाको पहिचान गरी उत्पादन बृद्धि गर्ने ।

१०) स्थानीय सेवा प्रवाहलाई नागरिक मैत्री र प्रभावकारी बनाई सुशासन बहाल गर्न सघाउने ।

११) सुशासनयुक्त, समतामुलक, सभ्य र समृद्ध समाजको निर्माणमा पहल गर्ने ।

**नीति तथा कार्यक्रम** :-

१) आवश्यकता, लाभान्वित संख्या र अधिकतम जनसहभागिता, समपुरक अवधारणा रहने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकिकरण गरि बजेट विनियोजन गरिने छ ।

२) बागमती गाउँपालिकाले आफ्नो पहिचान सहितको बागमती गान निर्माण गरिसकेको छ । यसलाई बागमती गाउँपालिका भित्र हुने सम्पूर्ण औपचारिक समारोहहरु र विद्यालयमा हुने एसेम्बलीहरुमा अनिवार्य बजाइने छ । साथै आ.व. ०७७/०७८ मा गाउँपालिकाको पहिचान सहितको बागमती लोगो अनावरण गरिनेछ ।

*पूर्वाधार :-*

३) बागमती गाउँपालिका भित्र निर्माण गरिने सम्पूर्ण भौतिक संरचनाहरुमा प्रचलित मापदण्डको सुनिश्चितता गराइ दीगो र गुणस्तरीय बनाइने छ ।

४) नयाँ सडक निर्माणमा ड्रेन निर्माण अनिवार्य गराइने छ र निर्माण भइसकेका सडकहरुको क्रमस ड्रेन सहित स्तरोन्नती गरी सबै याममा यातायात चल्ने सडक बनाउँदै लगिनेछ ।

५) वाडा नं. ३ छपेलीमा गत आ.व. मा गाउँ कार्यपालिका कार्यालय भवन निर्माणको लागि आन्तरिक श्रोतबाट १ कारोड १२ लाखमा ७ (सात) रोपनी जग्गा खरिद भइ गाउँ कार्यपालिका भवन निर्माणको लागि बृहत परियोजना प्रस्ताव पास गरी कार्यालय भवन निर्माणको ठेक्का सम्झौता एवम् भवन सिलान्यास भइसकेको हुँदा उक्त भवन निर्माणका लागि अपुग बजेट यस आवमा व्यवस्थापन गरिनेछ ।

६) धर्म-संस्कृति जोडिएका मठ, मन्दिर, गुम्बा, स्तुपा, चर्च, चियान पाटी आदिको भौतिक निर्माणमा मौलिकता कायम राख्न स्थानीय कलालाई प्राथामिकता दिइने छ ।

७) भवन निर्माण मापदण्डलाई कडाइका साथ लागु गरिने छ र आधुनिक प्रविधिमा गाउँघर झल्कने मौलिक घर निर्माण गरेमा भवन नक्शा पाशमा छुटको व्यवस्था गरिनेछ ।

८) हाइकिङ, साइक्लिङ आदिलाई आवश्यक ट्रेलको अध्ययन गरि निर्माणका लागि बजेट व्यवस्थापन गरिनेछ साथै गाउँपालिका भित्र विभिन्न स्थानहरुमा झोलुङ्गे पुल निर्माण गरि पर्यटन विकास वृद्धीको लागि सहयोग पुऱ्याउने कार्यक्रमहरु ल्याइने छ ।

९) बागमती गाउँपालिका -३ को तिनपानेमा गाउँपालिका स्तरीय तरकारी संकलन केन्द्र निर्माणलाई निरन्तरता दिइनेछ साथै वडाहरुमा कृषि सहकारीहरुसँगको लागत साझेदारीका आधारमा वडास्तरीय तरकारी संकलन केन्द्र निर्माण गरिनेछ ।

१०) आवश्यकताको प्राथामिकीकरण गर्दै प्रत्येक वडाहरुमा समूहिक कार्यक्रम गर्नका लागि सामुदायिक भवन निर्माणको चरणबद्ध सुरुवात गरिनेछ ।

११) उपयुक्त स्थानहरुमा सुविधायुक्त पक्कि सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ ।

१२) लकडाउनका कारण गत आ.व.मा सहकार्य मार्फत संचालन भइ सम्पन्न हुन नसकेका खानेपानी आयोजनाहरुलाई यसै आ.व.मा सम्पन्न गर्ने गरि निरन्तरता दिइने छ र कुनै पनि खानेपानी आयोजनाबाट लाभान्वित नभएका स्थानका बासीन्दाहरुको हकमा आवश्यकताका आधारमा खानेपानी ट्याङ्कीहरु निर्माण गरि स्वाच्छ पिउने पानीको व्यवस्थापन गरिने छ ।

*आर्थिक विकास :-*

*कृषि तथा पशु सेवा :-*

१३) बागमती गाउँपालिकाका स्वदेश तथा विदेशबाट फर्किएका यूवा वा महिला किसानहरुलाई व्यवसायीक खेती किसानी तथा पशुपालनमा प्रोत्साहन गर्न कृषि ऋणको ब्याजमा अनुदान कार्ययकम सुरु गरिनेछ ।

१४) बागमती गाउँपालिका भित्रको कृषि तथा पशु उत्पादकत्वमा वृद्धि गर्न उत्पादकत्वमा आधारित बस्तुहरुमा कार्यविधि बनाइ अनुदान कार्यक्रम सुरु गरिनेछ ।

१५) जनता संग अध्यक्ष कार्यक्रमलाई आगामी आ.व. ०७७/०७८ मा पनि थप प्रभाकारिताका साथ निरन्तरता दिईएको छ । उक्त कार्यक्रमबाट विशेष गरी स्वदेश तथा वैदेशिक रोजगारबाट फर्किएका युवा र महिला वर्गलाई लक्षित गरी कृषि तथा पशुपालनका लागि प्रोत्साहान, नगद अनुदान, कृषि सामाग्री तथा औजारमा दिँदै आएका ५०% अनुदान लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१६) कृषि तथा पशुपालनका लागि आवश्यक विउविजन, खोप तथा औषधीहरुलाई सहज एवम् सरल रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ साथै उचित परामर्श र सेवाका लागि प्रत्येक वडामा प्राविधिकहरुको पनि व्यवस्थापन गरिनेछ ।

१७) साना किसानहरुको उत्पादनलाई स्थानीय तहमा बजारीकरण गर्न एवम् बागमती गाउँपालिका बासी विच भातृत्व कायम राख्न प्रत्येक वडामा हाट बजारको अवधारण सुरुवात गरिने छ ।

१८) पशुपालन गर्ने कृषकहरुको पशु सुरक्षणका लागि विमामा गाउँपालिकाले दिँदै आएको अनुदान निरन्तरता दिइनेछ ।

*उद्योग तथा वाणिज्य :-*

१९) लघु, घरेलु तथा साना उद्योगहरुलाई विशेष प्राथमिकता दिई प्रोत्साहित गरिने छ ।

२०) खानी, क्शर, वासिङ आदि उद्योगहरुलाई व्यवस्थित औद्योगिक क्षेत्रको रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।

२१) ठूला उद्योगहरुलाई आकर्षण गर्न ऐन कानूनहरुको व्यवस्था गरिनेछ ।

*पर्यटन :-*

२२) तीनपाने राडर पर्यटकीयक क्षेत्रको निर्माण कार्यलाई निरन्तरता दिइ आ.व. ०७७/०७८ मा सञ्चालनमा लेराइनेछ ।

२३) तिनपाने राडर क्षेत्रमा गाउँपालिकास्तरीय पर्यटकीय क्षेत्र निर्माण साथै गत आ.व.मा निर्माण गरिएका Home Stay लाई प्रभावकारी सञ्चालन गरी आन्तरिक एवम् बाह्य पर्यटन आगमनमा प्रोत्साहन गरिनेछ ।

*सामाजिक विकास :-*

*स्वास्थ्य :-*

२४) कोभिड - १९ को संक्रमण रोकथामका लागि जनचेतनामूलक कार्यक्रम, मनोपरामर्श लगायत कार्यक्रमलाई प्राथामिकताका साथ वडा तहमा लगिनेछ ।

२५) कोभिड - १९ बाट हुन सक्ने संक्रमण रोकथामका लागि बैदेशिक रोजगारबाट तत्काल फर्किन सक्ने व्यक्तिहरुलाई व्यवस्थापन गर्न प्रत्येक वडामा १० शैयाको व्यवस्थित क्वारेन्टाइन स्थल निर्माण गरिने छ साथै आवश्यकताको आधारमा शैयाहरु थप घट गर्न सकिने छ ।

२६) नाकाहरुमा हुने आगमन तथा बहिरगमनलाई थप अनुगमन गरिने छ साथै कोरोना हेल्प डेस्कको व्यवस्थापन कायम गरिने छ ।

२७) गाउँपालिकाले खरिद गरेको ऐम्बुलेन्स मार्फत बागमती गाउँपालिकाका बासिन्दाहरुलाई इन्धन वापतको न्यून शुल्क लिइ निशुल्क ऐम्बुलेन्स सेवा सुचारु गरिनेछ साथै आगामी वर्षमा थप ऐम्बुलेन्सको व्यवस्था गरिनेछ ।

२८) नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने भनी निर्धारण गरेका औषधीहरुको सहज उपलब्धताको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२९) प्युटारमा निर्माणाधिन गाउँपालिका स्तरिय थाङ्सिङ्टार अस्पताललाई आ.व. ०७७/७८ बाट संचालन हुने व्यवस्था मिलाइ सेवा सुचारु गरिनेछ साथै गाउँपालिका भित्र संचालित अन्य प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीको लगायतका पूर्वाधार विकासमा विशेष ध्यान दिइनेछ ।

३०) स्वास्थ्यकर्मी लगायत महिला स्वायंसेविकाहरुलाई हौसला स्वरुप उचित प्रोत्साहन भत्ताको व्यवस्थापन गरिनेछ ।

३१) विपन्न परिवारलाई प्राथामिकता साथ बागमती गाउँपालिका बासीहरुको स्वास्थ्य विमा हुने व्यवस्था गरिने छ ।

*शिक्षा :-*

३२) कोभिड-१९ को संक्रमण रोकथामका लागि गरिएको लकडाउनले विद्यालयमा पठन पाठन बन्द भइ घरमा सिमित भएका विद्यार्थीहरुलाई निरन्तर सिकाईका लागि बैकल्पिक शिक्षण सिकाइ प्रणालिलाई स्रोत र साधनको उच्चतम  प्रयोग गरी लागू गराइनेछ ।

३३) दरबन्दी मिलान हुँदा प्रचलित कानूनका आधारमा स्थानीय शिक्षकहरुलाई संरक्षित गर्दै प्राथमिककरणका साथ दरबन्दी मिलान गरिनेछ ।

३४) चालू शैक्षिक सत्रमा स्वेच्छिक अवकाश लिन चाहने शिक्षकहरुलाई प्रोत्साहन बापतको अनुदान उपलब्धताको व्यवस्था गरिनेछ ।

३५) विद्यालयको आवश्यकताका आधारमा जनतासँग अध्यक्ष कार्यक्रमबाट स्वयंसेवक शिक्षकको करार व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

३६) बागमती गाउँपालिकाको शैक्षिक गुणस्तर बृद्धी गर्न शैक्षिक मेला, शैक्षिक सुधार, ECD शिक्षकहरुलाई प्रोत्साहन भत्ता जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

३७) जनतासँग अध्यक्ष कार्यक्रम साथै छुटै बजेटको व्यस्था गरी विद्यालय शिक्षा अध्ययन गर्नबाट बञ्चित भएका तथा असहज अवस्थामा गुज्रिएका अति विपन्न, असाहय एवम् उच्च प्राविधिक शिक्षा अध्ययनरत - विपन्न, जनजाती, दलित, महिला, द्वन्द पिडित, अल्पसंख्यकहरुलाई छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।

३८) नेपाल सरकारबाट शिक्षकहरुलाई चौमासिक रुपमा तलब वितरण गरिने प्रचलनलाई क्रमभंग गर्दै उनीहरुमा प्रोत्साहन स्वरुप मासिक रुपमानै तलब भत्ता वितरण हुने व्यवस्था गरिनेछ ।

३९) विद्यालयहरुका लागि  आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।

४०) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई. परीक्षा तथा पालिकास्तरमा हुने आधारभूत तहको परीक्षामा सबैभन्दा बढि अंक प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई पुरस्कृत गर्ने नीति लिईने छ ।

४१) विद्यायलय उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भएको सुनिश्चितता गर्दै विद्यार्थी नियमिततामा सुधार गर्न ठोस कार्यक्रम ल्याईनेछ ।

४२) उत्कृष्ट शैक्षिक कार्यको नतिजाको आधारमा गाउँपालिका स्तरीय सामूदायिक विद्यालय र शिक्षकलाई तोकिएको मापदण्ड भित्र रही उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्ने नीति लिईने छ । विद्यालयको पठन पाठनमा पर्याप्त ध्यान नदिएको कारण विभिन्न तहका नतिजाहरु कमजोर देखिएमा सम्बन्धित प्रधानाध्यापक र शिक्षकलाई नियमानुसारको कारबाही गर्ने नीति कडाईका साथ लागू गरिनेछ ।

*सांस्कृतिक प्रवर्द्धन :-*

४३) गाउँपालिका भित्र धार्मिक सांस्कृतिक सदभाब कायम गर्न मठ-मन्दिर, गुम्बा, स्तुपा, चर्च, चियान पाटी, सामुदायिक भवन निर्माण लगायत मौलिक कला धर्म र संस्कृति झल्कने चाड पर्वहरुलाई संरक्षण गर्ने कार्यकमहरु संचालन गरिनेछ ।

*खानेपानी तथा सरसफाई :-*

४४) प्रत्येक वडामा स्वच्छ पिउने पानीको व्यवस्थापनका लागि खानेपानी आयोजना मूहान संरक्षण, खानेपानी ट्याङ्की निर्माण लगायत, खानेपानी पाइपको व्यवस्थापन गरिनेछ ।

*लैंगिक समानता तथा समाजिक समावेशिकरण :-*

४५) ६० वर्ष मुनिका एकल महिला साथै अपाङ्गहरुलाई नेपाल सरकारसँग दोहोरो नपर्ने गरी कार्यविधि बनाई प्रोत्साहन स्वरुप सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरिनेछ ।

४६) समाजमा देखिने महिला हिंसा, दाईजो प्रथा लगाएतका घटनाहरुलाई कम गर्न विभिन्न स्थानमा केन्द्र बनाई सचेतना कार्यकम संचालन गरिनेछ । स्वास्थ्य संस्थालाई महिलामैत्री बनाउने कार्यको लागि सहयोग निरन्तरता गरिनेछ ।

४७) महिलाहरुको लागि सशक्तिकरण र नेतृत्व विकास कार्यकम संचालन गरी शिक्षा र चेतनाको दृष्टिकोणले पछाडि परेका महिलाहरुलाई सक्षम बनाउने कार्यलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ ।

४८) चेतनाको कमिको कारण विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय सम्म पहुँच नपुगेका विपन्न महिला, दलित, आदिवासी जनजाति, अपांग, अल्पसंख्यक, बालबालिका लगाएतका वर्गको लागि बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखीकरण तालिम कार्यक्रम संचालनलाई प्रभावकारी कार्यान्वयन सहित निरन्तरता गरिने छ ।

४९) अपांगता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण कार्य एकीकृत घुम्ती सिविर मार्फत अझ प्रभावकारी र सहज बनाईनेछ ।

५०) गाउँपालिका भित्रका जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम निरन्तरता गरिने छ ।

५१) गाउँपालिका क्षेत्रमा गठन भएका बाल क्लबहरुलाई सशक्त बनाउन निरन्तरता दिइने छ ।

५२) बालश्रम शोषण र बालविबाह जस्ता बालबालिकाको हक हनन हुने कार्यलाई निरुत्साहित गरिनेछ ।

*वातावरण तथा विपद् व्यवस्थापन :-*

५३) बागमती गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । सो रकमलाई बिपत पूर्बको पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा कार्यक्रम र सो अनुरुपको कार्ययोजना बनाइ खर्च गरिनेछ ।

५४) विपद् जोखिम व्यवस्थापन कार्यमा स्थानीय समुदाय, सामुदायिक तथा सामाजिक संघ संस्थाहरु, सरकारी निकायहरु, सरोकारवालाहरु र गाउँपालिकाको साझेदारी र सहभागिता अभिबृद्धि गरिनेछ ।

५५) जलवायु परिवर्तनका असरहरुलाई कम गर्दै स्वस्थ र स्वच्छ वातावरण निर्माण गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनेछ ।

५६) स्वच्छ वातावरण र जलबायू अनूकुलित विकास व्यवस्थापन गर्न स्थानीय सरोकारवाला तथा उपभोक्ता समिति लाई अभिमुखीकरण र सचेतना कार्यक्रम संचालन गरिनेछ ।

५७) गाउँपालिकाको उपलब्ध खाली जग्गामा बृक्षारोपण गरी विरुवा हुर्काउने कार्यको लागि सम्बन्धित सरकारी निकाय, सामुदायिक वन उपभोक्ता समूहहरु तथा अन्य सम्बद्ध सरोकारवालाहरु संग समन्वय गरिनेछ ।

५८) वन जंगल, जंगली जनावर, चराचुरुङ्गी र लोपोन्मुख जडीबुटी संरक्षणका लागि विशेष पहल गरिनेछ ।

*संस्थागत विकास तथा सेवा प्रवाह :-*

५९) विद्युत सेवा विस्तारका लागि दक्षिण ललितपुर विद्युत सहकारी संस्था संगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

६०) विद्युत आपुर्ति समस्याको समाधानको लागि वैकल्पिक उर्जाको प्रयोग गरी विद्युत प्रसारणमा देखिएको भारलाई कम गरिंदै लगिनेछ ।

६१) बैकल्पिक उर्जाको लागि गोबरग्याँस प्लान्ट, सोलार, सधारीएको चुलो संचालन गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । यसका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग साझेदारी गर्न सकिनेछ ।

६२) गाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई स्वदेशमै रोजगारी सिर्जना गरी विदेश जानु नपर्ने अवस्थाको निर्माण गरिनेछ, विदेश जानु पर्ने अवस्था भएमा त्यस्ता युवाहरुलाई प्राविधिक सिपमुलक तालिम, जान लागेको देशको भाषा, संस्कृति, पाउने सेवा सुविधा सबै विषयमा जानकार गराई सुरक्षित बैदेशिक रोजगारीको अवस्था सिर्जना गरिनेछ । संघीय सरकारबाट सबै स्थानीय तहमा लागू भएको प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा पनि प्रभावकारी रुपमा लागू गरिनेछ ।

६३) युवाहरुको बुद्धि, विवेक, जाँगर र साहसलाई गाउँपालिकाको विकासमा लगाउनको लागि विभिन्न रोजगारमुखी कार्यक्रमहरु संचालन गरिनेछ । युवाहरुलाई नेतृत्व विकास लगायत सीपमुलक तालिम मार्फत स्वरोजगार भई आर्थिक रुपमा सबल बनाउने कार्यक्रम बनाइनेछ ।

६४) स्थानीय सहकारीहरुको क्षमता अभिबृद्धि गर्ने व्यवस्था मिलाइने छ ।

*वित्तिय व्यवस्थापन र सुशासन :-*

६५) गाउँपालिकाको राजस्व वृद्धिका लागि करका नयाँ क्षेत्र पहिचान गरी करको दायराहरुलाई दिगो र फराकिलो पार्दै कर असुलीमा कडाई गरिनेछ ।

६६) यस गाउँपालिकाका राजस्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन, नियम तथा कार्याविधिको अधिनमा रही राजस्व परामर्श समितिको सिफारिसको आधारमा मालपोत तथा भूमिकर, सम्पत्ति कर, व्यवसाय कर, बहाल कर तथा करका अन्य श्रोतहरुको लगत अद्यावधिक गर्दै लगिनेछ ।

६७) आन्तरिक आम्दानी बढाई गाउँपालिकालाई आर्थिक श्रोतको दृष्टिकोणबाट दीगो बनाउन कर प्रशासनलाई छिटो, छरितो, पारदर्शि बनाउन सम्बन्धित कर्मचारीलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

६८) लेखापरीक्षण प्रतिवेदनबाट गाउँपालिकाको आम्दानी खर्चको सम्बन्धमा औंल्याएका बेरुजु रकमको लगत राखी बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ । देखिएका बेरुजु फछ्र्यौट कार्यलाई आर्थिक कारोबारमा संलग्न कर्मचारीको पुरस्कार र दण्ड संग आबद्ध गरिनेछ ।

६९) गाउँपालिकाको खर्च प्रणालीमा वित्तिय जोखिम न्यूनिकरण गर्नका लागि पर्याप्त सावधानी अपनाईनेछ । आयोजनाहरुको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन पर्याप्त कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ ।

७०) आर्थिक कार्यविधि सम्बन्धी कानून चौथो गाउँसभाबाट पारित गरी लागू गरिएको छ । यस कानूनलाई प्रभावकारी रुपमा लागू गरी वित्तिय अनुशासन तथा जवाफदेहिता प्रबर्द्धन गरिनेछ ।

७१) गाउँपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको लगत तयार गरी अतिक्रमण नहुने गरी संरक्षणको व्यवस्था गर्ने कार्यको शुरुवात गरिनेछ ।

७२) गाउँपालिका क्षेत्रमा रहेको सुकुम्बासी समस्या र ऐलानी जग्गा सम्बन्धी समस्यालाई संघीय र प्रदेश सरकार संगको समन्वयमा समाधान गर्न प्रभावकारी कदम चालिनेछ ।

७३) गाउँपालिकाले दिइने सेवा सुविधा सरल र सहज बनाउँदै सेवा प्रवाहामा अत्याधुनिक प्रविधिको प्रयोग बडाइने छ ।

७४) पारदर्शीता, सुसाशनका लागि विभिन्न संचार माध्यमसँगको सहकार्यमा नागरिकलाई सुसुचित गर्न र गाउँपालिकाको गतिबिधि सार्वजनिक गर्न कार्यक्रम उत्पादन र प्रसारण गरिनेछ ।

७५) गाउँपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने तथा सामाजिक परिक्षणलाई प्रभावकारी र अर्थपूर्ण बनाइनेछ ।

७६) राम्रो काम गर्ने कर्मचारीहरुलाई कार्यसम्पादन सूचकको आधारमा पुरस्कृत गरिनेछ भनें सन्तोषजनक कार्य सम्पादन नगर्ने कर्मचारीहरुलाई नियमानुसारको हदै सम्मको कारबाही गरिनेछ ।

७७) सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको नागरिक वडापत्रलाई व्यवस्थित गरिनेछ ।

७८) विशेष कार्ययोजना वनाई गाउँपालिकामा भ्रष्टाचारको सन्दर्भमा शुन्यसहनशीलताको नीति प्रभावकारी रुपमा अबलम्बन गरिनेछ ।

७९) क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८०) व्यापारिक फर्म, पसल दर्ता, नविकरण साथै बजार अनुगमन कार्यहरु प्रभावकारी रुपमा संचालन गरिने छ ।

८१) गाउँपालिका क्षेत्र भित्र खानी खनिज बस्तुको खोज, संरक्षण र व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

८२) गाउँपालिका भित्रका विभिन्न खोलाहरुका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृती गर्ने सम्बन्धि नियम बनाइ आ.व. ०७७/०७८ का लागि पुन: खोलाजन्य पदार्थहरुको उत्खनन् तथा विक्री वितरणको ठेक्का बन्दोबस्त गाउँपालिकाले गर्नेछ ।

८३) सूचना जनताको संविधान प्रदत्त मौलिक हक हो । यसलाई कार्यान्वयन गर्नको लागि गाउँपालिकाको सूचना केन्द्र मार्फत हरेक नागरिकले सरल र सहज ढंगमा गाउँपालिका संग सम्बन्धित सम्पूर्ण सूचनाहरु पाउने व्यवस्था हुनेछ ।

८४) यस क्षेत्रमा रहेका छापा तथा इलेक्ट्रोनिक मिडियाको क्षमता विकासको लागि सहयोग गरिनेछ । स्वच्छ, स्वस्थ तथा व्यवसायिक पत्रकारिता विकासको लागि पर्याप्त कार्यक्रम सहयोग गरिनेछ ।

८५) गाउँपालिकाको सबै क्षेत्रमा संचार सेवा सहज र भरपर्दो बनाउन नेपाल टेलिकम, एनसेल जस्ता निकायहरु लाई अनुरोध गरिनेछ ।

८६) यस गाउँपालिका क्षेत्र लाई आधार बनाई पत्रकारीता गर्ने पत्रकारहरु मध्ये एक जनालाई बार्षिक रुपमा पुरस्कृत गर्ने नीति निरन्तरता गरिनेछ ।

८७) गाउँपालिकाले वेभसाईट, सामाजिक सञ्जाल लगायत अन्यय डिजिटल प्रविधि मार्फ आवश्यक सूचनाहरु जनता समक्ष सार्वजनिक गरिएको छ यसलाई थप प्रभावकारी एवम् पहुँचयोग्य बनाउन पहल गरिनेछ । भौगोलिक असहजताका बाबजुत पनि यो आ.व.मा गाउँ कार्यपालिकाको कार्यालय लगाएत सम्पूर्ण वडा कार्यालयहरुमा फाइबर इन्टरनेट जडानको व्यवस्था गर्ने कार्यलाई पूर्णता दिइने छ । यसका साथै घटना दर्ता एवम् सामाजिक सूरक्षा कार्यकक्रम अनलाइन बनाइनेछ ।

८८) आ.व. ०७६/०७७ मा सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणालिबाट सुरुवात गरिएकोमा आ.व. ०७७/०७८ मा सम्पूर्ण सामाजिक सूरक्षा भत्ता लाभग्राहीहरुलाई बैंक खाता खोल्न लगाई पूण बैंकिङ प्रणालिबात भत्ता वितरण गरिनेछ ।

८९) इलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरु तथा सशस्त्र प्रहरी बेश क्याम्पहरुको कार्यलाई चुस्त दुरुस्त बनाउने कार्यमा गाउँपालिकाले पर्याप्त ध्यान दिनेछ । शान्ति सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने कार्यमा सुरक्षा निकायलाई सहयोग गरिनेछ ।

९०) अनुभव आदान प्रदान र गाउँपालिकाको द्रुत्ततर विकासको निमित्त देश विदेशका विभिन्न स्थानीय तहहरु संग भगिनी सम्बन्ध कायम गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

९१) आ.व. ०७७/०७८ मा बागमती गाउँपालिकाको कला, साहित्य, संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्न बागमती प्रज्ञा परिषद्, खेलकुदको सर्वोपरी विकास तथा प्रवर्द्धनका लागि बागमती खेलकुद परिषद्, साथै गाउँपालिका भित्र पर्यापर्यटन विकास तथा प्रवर्द्धन गर्न बागमती पर्यटन विकास परिषद् गठनका लागि ऐन कानून तर्जुमा गरि कार्य प्रारम्भ गरिनेछ ।

९२) आ.व. ०७६/०७७ मा सुरुवात गरिएको एकीकृत घुम्ती शिविरको बागमती गाउँबासी स्तरबाटै माग भएको हुँदा थप प्रवाभकारी रुपमा सेवाहरु घुम्ती शिविर मार्फत संचालन गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अब म यस गाउँसभा समक्ष आगामी आ.व. ०७७/०७८ को लागि अनुमानित बजेट पेश गर्दछु ,

आगामी आ.व. ०७७/०७८ को लागि संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान बापत रु. ७,३३,००,०००। (सात करोड तेत्तीस लाख मात्र), सशर्त अनुदान बापत रु. १९,५२,००,०००।- (उन्नाइस

करोड बाउन्न लाख) र राजस्व बाँडफाँड बापत रु. ५,१३,००,०००। (पाँच करोड तेर्ह लाख) प्राप्त हुने अनुमान छ । त्यसैगरी प्रदेश सरकारबाट वित्तिय समानीकरण बापत ९८,९४,०००।- (अन्ठानब्बे लाख चौरानब्बे हजार), राजस्व बाँडफाँड बापत रु. १,५८,३४,०००। (एक करोड अन्ठाउन्न लाख चौंतिस हजार), सशर्त अनुदान बापत रु. २,३२,७५,०००।- (दुई करोड बत्तिस लाख पच्चत्तर हजार ) साथै आन्तरिक श्रोत ( ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन्, संकलन, विकी वितरण, निकासी आदि समेत) बाट रु. ५,५०,००,०००।- (पाँच करोड पचास लाख), रजिष्ट्रेशन दस्तुरबाट प्राप्त हुने रु. ५०,००,०००। र आ.व. ०७६/०७७ बाट बाँकी हुने मौज्दात रकमबाट कूल रु. ४२,४३,०३,०००।- (बयालिस करोड त्रिचालिस लाख तीन हजार) गाउँपालिका संचित कोषमा जम्मा हुने अनुमान छ । यस बजेट मध्येबाट गाउँ कार्यपालिकाको कार्यालयको लागि रु. १२,८१,००,०००। (बार्ह करोड एकासी लाख) वडा समितिहरुको लागि रु. २,८०,००,०००।- (दुई करोड असी लाख), विषयगत शाखाहरुको लागि संचालन बजेट रु. ४,९७,००,०००। (चार करोड सन्तानब्बे लाख) र शर्सत कार्यकम सञ्चालनका लागि रु २१,८४,७५,०००।- (एक्काइस करोड, चौरासी लाख पच्चत्तर हजार) रकम विनियोजन गरिएको छ । उल्लेखित विनियोजन चालु तर्फ ६०.८४ प्रतिशत र पूँजिगत तर्फ ३९.१६ प्रतिशत हुने देखिन्छ । उल्लेखित बजेट बमोजिम संचालन हुने योजना तथा कार्यकमहरु यसै साथ संलग्न पेश गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरु,**

यस गाउँपालिकाका बिभिन्न वडाहरुबाट छनौट भई आएका विभिन्न विषय र क्षेत्रका योजनाहरु यथाशक्य समेट्ने प्रयास गरिएको छ । गाउँपालिकाका योजनाहरुलाई अझै व्यवस्थित गर्न योजना कार्यान्वयनमा सम्बन्धित सबैसंग समन्वय र सहकार्य गरी समयमा नै नतिजा हाँसिल गर्नका लागि प्रभावकारी संयन्त्र बनाई लागू गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

अन्तमा आ.व. ०७७/७८ को बजेट तथा कार्यक्रम र योजना तर्जुमाको प्रक्रियामा आफ्नो सक्रिय सहभागिता जनाई मार्ग निर्देशनका साथै अमूल्य सुझाव गर्नु हुने राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विषयगत कार्यालय, सरकारी एवं गैर सरकारी संस्था/निकायका प्रमुख एवं प्रतिनिधि, वडा समितिका पदाधिकारी लक्षित वर्गका लगायत विभिन्न समन्वय समितिका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, समाजसेवी तथा बुद्धिजिवीहरु, पत्रकार महानुभावहरु तथा सवै मिडियाका पत्रकारहरु, जेष्ठ नागरिकहरु, वालक्लवका पदाधिकारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हृदय देखि नै धन्यवाद दिन चाहान्छु । त्यसै गरी बजेट तर्जुमामा सहयोग गर्ने गाउँपालिकाका कर्मचारी साथीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तुत वजेट तथा कार्यकमको सफल कार्यान्वयनका लागि सम्पूर्ण राजनैतिक दल, नागरिक समाज, स्थानीय प्रशासन, गैर सरकारी संघ संस्था ,लक्षित समुह तथा आम वागमती गाउँपालिका वासीहरुबाट पर्याप्त साथ, सहयोग र समर्थन रहने अपेक्षा राखेको छु ।

धन्यबाद ।

विर बहादुर लोप्चन<br>
(अध्यक्ष)<br>
२०७७ असार ०९ गते